गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा, नेपाल

*स्वास्थ्य कार्यालय, पर्वतको*

# जनस्वास्थ्य बुलेटिन

वर्ष: २ | अंक: ३ | महिना: ३ | वैशाख २०८१

## राष्ट्रिय भिटामिन ए कार्यक्रम २०८१

राष्ट्रिय कार्यक्रम भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियान २०८१ अन्तर्गत वैशाख ६ र ७ गते ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकालाई पर्वत जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाबाट भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।






## पुर्ण खोप सुनिश्चितताको लागि घरदैलो तथा MMDP कार्यक्रम

पुर्ण खोप सुनिश्चितता तथा Morbidity Management And Disability Prevention (MMDP) कार्यक्रमको घरदैलो अभियान गर्दै स्वास्थ्यकर्मी साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु।



## विश्व औलो दिवसः २५ अप्रिल २०२४ (२०८१ बैशाख १३ गते)


स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा आज विश्व औंलो दिवस २०२४ को अवसरमा **"औलो विरुद्धको लडाईलाई तिव्रता दिऔं, समतामुलक पहुँचको सिर्जना गरौं"** भने मूल नाराका साथ श्री शिवालय माध्यमिक विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन भएको छ। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्स निरीक्षक सुमन शर्मा र जनस्वास्थ्य अधिकृत अन्जली पि .सिले गर्नु भएको थियो भने कार्यक्रममा विद्यालयका प्र अ भूपेन्द्र चापागाईं , स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क सहायक रामचन्द्र सुवेदी , जनस्वास्थ्य अधिकृत ममता ढकाल , शिक्षकहरु , कक्षा ०९ र १० का विद्यार्थीहरु गरी ९० जनाको उपस्थिती रहेको थियो।





## शून्य लागतमा नयाँ वर्ष ,नयाँ अभ्यासको शुरुवात

स्वास्थ्य कार्यालय पर्वतको शून्य लागतमा नयाँ वर्ष ,नयाँ अभ्यासको शुरुवात अन्तर्गतको Virtual Session को पहिलो भाग "Data Error and Data Verification" बिषयमा स्वास्थ्यकर्मीहरुलाई zoom meeting मार्फत अभिमुखिकरण सम्पन्न भएको छ। स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रविण शर्माको अध्यक्षतामा संम्पन्न भएको कार्यक्रम ९० जना भन्दा बढि स्वास्थ्यकर्मीको उपस्थितीमा ३ घन्टा सम्म चलेको थियो। अभिमुखिकरणको सहजिकारण स्वास्थ्य निर्देशानलय गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत प्रविण भण्डारी तथा संचालन स्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्स निरीक्षक सुमन शर्माले गर्नु भएको थियो। नया वर्ष २०८१ देखि नया कार्यको शुरुवात गर्ने उदेश्य साथै स्वास्थ्कर्मीहरुको ज्ञान तथा सिप अभिबृद्धि तथा पुनरावलोकन गर्न साथै स्वास्थ्य संस्थालाई प्रविधिमैत्री गराउने उद्देश्यका साथ शून्य लगानीमा जिल्लामा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि फरक फरक विषय तथा फरक फरक स्रोत व्यक्तिको सहजीकरणमा भर्चुअल सेसन प्रत्येक महिना सञ्चालन गर्न लागिएको हो।








## राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत शुष्मयोजना जिल्ला स्तरीय गोष्ठी

स्वास्थ्य कार्यालय पर्वतको आ. व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा खोप छुट बच्चा(शुन्य तथा ड्रप आउट ) को पहिचान र छुट खोप पूरा गरि पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रवर्धन कार्यक्रमको सुदृढीकरण का लागी समीक्षा, अभिमुखीकरण तथा शुक्ष्म योजना अद्यावधिक र महामारी रोकथाम तथा नियन्त्रण यवम सर्भिलेन्स का लागि स्थानिय तहको योजना तयारी सम्बन्धी जिल्ला स्तरीय गोष्ठी तिन ब्याच (पहिलो ब्याच २०८१/०१/११ र १२, दोस्रो ब्याच २०८१/०१/१३ र १४ र तेस्रो ब्याच मिती २०८१/०१/१९ र २०) स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रविण शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त कार्यक्रमको पहिलो ब्याच मोदी गाउँपालिकाको सभाहलमा सञ्चालन भएको थियो भने मोदी गा पा , विहादी गा पा, पैयु गा पा र महाशिला गा.पा. का स्वास्थ्य शाखा प्रमुख, खोप संपर्क व्यक्ति तथा अन्तर्गतका स्वास्थ्य संस्था प्रमुख गरी २७ जनाको सहभागितामा र दोस्रो ब्याच स्वास्थ्य कार्यालयको सभाहलमा संचालन भई कुश्मा नगरपालिका र फलेवास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख, खोप संपर्क व्यक्ति तथा अन्तर्गतका स्वास्थ्य संस्था प्रमुख गरी २८ जनाको र तेस्रो ब्याच मोदी गा.पा. र जलजला गा.पा.का स्वास्थ्य शाखा प्रमुख, खोप सम्पर्क व्यक्ति तथा अन्तर्गतका स्वास्थ्य संस्था प्रमुख तथा कुश्मा, फलेबास, महाशिला र पयू गा.पा. स्वास्थ्यकर्मी गरी ३० जनाको सहभागिता रहेको थियो। सो कार्यक्रमको सञ्चालन स्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराका खोप अधिकृत श्री एकनारायण लम्साल र पोखरा महानगर पालिकाका जनस्वास्थ्य निरिक्षिक श्री तेजाखर लम्सालले गर्नु भएको थियो । कार्यक्रमको व्यवस्थापन स्वास्थ्य कार्यालय पर्वतका कोल्ड चेन निरीक्षक श्री जयन्द्रमान गुरुङ्गले गर्नु भएको थियो।





## महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरूको लागि सम्मानजनक विदाई कार्यक्रम

मिति २०८१-०१-१६ गते -स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा जिल्लामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरूको लागि सम्मानजनक विदाई कार्यक्रम, स्वास्थ्य कार्यालय पर्वतका नि.कार्यलय प्रमुख रघुनाथ रेग्मीको अध्यक्षता तथा प.हे.न.नि सुमन शर्माको सन्चालनमा सम्पन्न भएको छ । उमेरले ६० वर्ष पुग्नु भएका र १० वर्ष भन्दा बढी सेवा गरि हाल शारीरिक रुपमा अशक्त भएर सेवा गर्न नसक्नु भएका १० जना महिला सामुदायिक स्वास्थ्य स्वंमसेविकाहरूलाई कदर पत्र वितरण गरि सम्मान गरिएको थियो। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा रहि तपाईँहरुले समुदाय स्तरमा पुराउनु भएको योगदानको स्वास्थ्य कार्यालय पर्वतको तर्फबाट उच्च सम्मान गर्दछौं साथै सेवानिवृत्त जीवन सुखद रहोस् भनी सुभकामना पनि दिन चाहान्छौ।



## सामुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) सम्बन्धि स्वास्थ्यकर्मीहरुका लागि आधारभूत तालिम

मिति २०८१-०१ -१४ देखि १९ गते सम्म - स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा सामुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) सम्बन्धि स्वास्थ्यकर्मीहरुका लागि ६ दिने आधारभूत तालिम सम्पन्न भएको छास्वास्थ्य कार्यालय पर्वतका प्रमुख श्री प्रविण शर्माको अध्यक्षतामा शुरु भएको तालिमको सहजिकरण बेनी अस्पतालका बालरोग बिशेषज्ञ डा. कुशल बराल, मे.अ डा. सुस्मिता पौडेल, पर्वत अस्पतालका ब.अ.न.नि सरास्वति बराल, स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम संयोजक तेज प्रसाद सुवेदीले गर्नुभएको थियो। तालिममा जिल्लाका ७ वटै स्थानिय तह तथा पर्वत अस्पताल गरि जम्मा २७ जनाको स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। नवजात शिशु तथा ५ वर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्यमा सुधार गर्दै उनीहरुको जीवन रक्षा, स्वास्थ्य, वृद्धि र विकासमा योगदान पुराउने र बिरामीदर तथा मृत्युदरमा उल्लेख्य सुधार ल्याउने उदेश्यको साथ संचालन भएको उक्त तालिममा स्वास्थ्यकर्मीहरुलाई २ महिना मुनिका शिशुमा देखिने स्वास्थ्य समस्या बर्गिकरण र ब्यावस्थापन तथा २ महिना देखि ५ बर्ष सम्मका बच्चामा हुन सक्ने स्वास्थ्य समस्या र सो को एकिकृत ब्यवस्थापन बारेमा ज्ञान र शिप प्रदान तथा पुनारोलोकन साथै रेकर्डिङ रिपोर्टिङ बारे प्रशिक्षण गरिएको थियो।






## स्वास्थ्कर्मीहरलाई Package of Essential Non communicable diseases (PEN) तालिम

मिति २०८१-०१-२० गते देखि २३गते - स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा स्वास्थ्कर्मीहरलाई Package of Essential Non Communicable Diseases (PEN) तालिम स्वास्थ्य कार्यालय पर्वतका नि.कार्यलय प्रमुख रघुनाथ रेग्मीको अध्यक्षता तथा कार्यक्रम संयोजक प्रकास गौतमको सन्चालनमा सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण मादी गाउँपालिका कास्कीका मे.अ. डा. विनोद बराल र पर्वत अस्पतालका डा. दिपक रेग्मीले गर्नु भएको थियो भने तालिममा जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट २४ जना स्वास्थ्यकर्मीको सहभागीता रहेको थियो।





## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि आधारभूत तालिम

मिति २०८१/०१/१८ देखि ०१/२७: स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा , पैयू गाउँपालिका र विहादी गाउँपालिकाको समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि आधारभूत तालिम सम्पन्न भएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतको कार्यालय प्रमुख श्री प्रविण शर्मा ज्यूको अध्यक्षतामा , पैयू गाउँपालिकाको अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको प्रमुख आतिथ्यतामा र प्रमुख प्रशासकिय अधिकृत श्री इन्जिनियर राजिव रिमालज्यू , स्वास्थ्य शाखा प्रमुख श्री देवि प्रसाद भुर्तेलज्यूको उपस्थितिमा सम्पन्न भएको छ। उक्त तालिममा प्रशिक्षण भोर्ले स्वास्थ्य चौकीका सि.अ.हे.व अधिकृत चन्द बहादुर गुरुङ र सरौखोला स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट अरबिन्द कुमार साह तेलि ज्यूले गर्नुभएको थियो जसमा पैयू गाउँपालिकाका ६ जना र विहादी गाउँपालिकाको ३ जना गरि जम्मा ९ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो। तालिम पाप्त स्वयंसेविकाहरुलाइ स्वास्थ्य कार्यालयवाट प्रमाणपत्र, बोड, झोला, टिनको बाकस सहित निर्देशिका बमोजिमको आधारभुत सामाग्री पनि उपलब्ध गराइएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतको पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्माले संचालन गर्नु भएको थियो।





## स्वास्थ्यकर्मीहरुलाई परिमार्जित HMIS/DHIS2 सम्बन्धि अभिमुखिकरण

मिति २०८१-०१-२६ गते देखि २८ सम्म: स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा स्वास्थ्यकर्मीहरुलाई परिमार्जित HMIS/DHIS2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका कार्यलय प्रमुख प्रविण शर्माको अध्यक्षतामा र स्वास्थ्य कार्यालय पर्वतका प हे न नि सुमन शर्माको सञ्चालनमा सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत प्रविण भण्डारी र स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क सहायक रामचन्द्र सुवेदीले गर्नु भएको थियो भने कार्यक्रममा जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट २८ जना स्वास्थ्यकर्मीको सहभागीता रहेको थियो।





## आई. पी. भी. खोप अभियान २०८०/८१ - जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी

मिति २०८१।०१।२८ देखि ३० गते सम्म: स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा आई. पी. भी. खोप अभियान २०८०/८१ - जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी तिन ब्याच गरि स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा पर्वत जिल्लाका पालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य चौकि प्रमुखहरु गरी ७७ जनाको सहभागिता रहेको थियो भने कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रविण शर्मा, कोल्डचेन अधिकृत जयन्द्रमान गुरुङ र प.नि.सु.नि नारायण रेग्मीले गर्नु भएको थियो ।आई. पी. भी. खोप अभियान २०८०/८१ यहि जेठ १३ गतेदेखि देशभरि संचालन हुँदैछ।











# स्थानीय तह विशेष

## नवजात शिशु तथा बालरोगको एकीकृत ब्यवस्थापन (IMNCI) कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम

मिति २०८१/०१/०७ र०८ र गते -जलजला गाउँपालिकाको आयोजना तथा लेखफाँट स्वास्थ चौकीको समन्वय र स्वास्थ्य कार्यलय पर्वतको सहजीकरणमा नवजात शिशु तथा बालरोगको एकीकृत ब्यवस्थापन (IMNCI) कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम सप्पन्न भएको छ। कार्यक्रमको अनुशिक्षण स्वास्थ्य कार्यालयमा कार्यरत IMNCI फोकल पर्सन तेज प्रसाद सुवेदी ,स्वास्थ्य शाखा मा कार्यरत जनस्वास्थ्य निरीक्षक गणेश मल्लले गर्नुभएको थियो भने स्वास्थ्य चौकी प्रमुख, स्वास्थ्य संस्थामा र २ वटा सामुदायिक स्वास्थ्य ईकाईहरूमा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा ५ बर्ष मुनिका बालबालिकामा देखिने रोगको ब्यबस्थापनका लागि आवश्यक ज्ञान सीप बारे क्षमता अभिबृद्धि तथा recording reporting को बारेमा छलफल गरिएको थियो ।







## महाशिला आधारभुत अस्पतालमा दुइ दिने न्यूनतम सेवा मापदण्डको समिक्षा कार्यक्रम

महाशिला गाउँपालिका स्वास्थ्य शाखाको आयोजना तथा स्वास्थ्य कार्यालय पर्वत र वानहार्ट बल्डवाइडको समन्वयमा साविक लुङ्खु देउराली प्रा.स्वा.के हाल महाशिला आधारभुत अस्पतालमा दुइ दिने न्यूनतम सेवा मापदण्डको समिक्षा कार्यक्रम मिति २०८१ साल बैशाख १३ र १४ गते सम्पन्न भएको छ। कुल न्यूनतम सेवा मापदण्डमा यस अगाडी को भन्दा १२ प्रतिशतको बढी प्राप्त गर्दै यस स्वास्थ्य संस्थाले ७१ प्रतिशत स्कोर प्राप्त गरेको छ। आकस्मिक प्रसुति प्रेषण कोष स्थापना तथा परिचालन, सुत्केरीहरूलाइ निशुल्क एम्वुलेन्स सेवा, बैकल्पिक उर्जाको उचित ब्यवस्थापन, २४ सै घण्टा आकस्मिक सेवा, सुत्केरी, तथा अन्य प्रजन्न सेवा दिदा आउन सक्ने जटिलता हरूको ब्यवस्थापन का लागि एथेस्ट तयारी तथा दक्ष प्रसुति कर्मिको उपलब्धता जस्ता सवल पक्ष उक्त समिक्षा कार्यक्रममा प्रस्तुत गरिएको थियो। गुणस्तर सुधारमा ब्यवस्थापन समिति, पालिकाको प्रतिवध्ता सहित कार्ययोजना निर्माण गरि कार्याक्रम सम्पन्न गरिएको छ।





## बिश्व औँलो दिवस (२०८१ वैशाख १३): जिल्लाका विभिन्न बिद्यालयमा संचालित स्वास्थ्य शिक्षा कार्यक्रमका तस्विरहरु











## नियमित खोप सङ्गै सरसफाई प्रर्वद्धन  कार्यक्रमका तस्बिर जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरु बाट











## क्षयरोग खोजपडताल तथा घरदैलो कार्यक्रम

मिति २०८१/०१/२६ गते -जलजला गाउँपालिकाको आयोजना र मल्लाज स्वास्थ्य चौकिको समन्वयमा क्षयरोग खोजपडताल तथा घरदैलो कार्यक्रमका लागि सामुदायिक स्वास्थ्य स्वयमसेविका ,शिक्षक तथा धामी झाँक्री हरू लाई क्षयरोग सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता स्वास्थ्य चौकि व्यवस्थापन समितिका अध्यक्ष श्री एकिन्द्र खत्री गर्नु भयको थियो भने वडा नं १,२,३,४ वाट सहभागिहरूको उपस्थिति रहेको थियो।






## पुर्ण खोप सुनिस्चितता तथा दिगोपना पालिका घोषणा

**"स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिवद्धता"** भन्ने नाराका साथ पर्वतका ६ स्थानीय तह, फलेवास नगरपालिका, बिहादी गाउँपालिका ,मोदी गाउँपालिका,पैंयूँ गाउँपालिकाका ,महाशिला गाउँपालिका, जलजला गाउँपालिकालाई पुर्ण खोप सुनिस्चितता तथा दिगोपना पालिका घोषणा गरिएको छ। यस कार्यमा सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछौं। साथै कुश्मा नगरपालिका र पर्वत जिल्ला पुर्ण खोप सुनिस्चितता तथा दिगोपना घोषणाको तयारीमा छन्।










## कुश्मा नगरपलिका

१. आई एम एन सि आई कार्यक्रमको बार्षिक/ अर्ध बार्षिक समीक्षा समपन्न।
२. दुर्लुङ स्वास्थ्य चौकीमा MSS कार्यक्रम सम्पन्न।
३. १४ वटै वडामा पुर्ण खोप शुनिश्चित वडा घोषणा कार्यक्रम सम्पन्न।
४. क्षयरोग मुक्त अभियानको पालिका स्तरमा अभिमुखिकरण तथा पालिका स्तरको समिती गठन एव ३ वटा वडामा अभिमुखिकरण तथा वडा समिति गठन सम्पन्न।
५. किशोरकिशोरी मैत्रि स्वास्थ्य सेवाका लागि सरोकारवालाहरूलाई कार्य संचालन निर्देशिका २०७९ को अभिमुखिकरण २ वटा वडामा सम्पन्न।

## फलेबास नगरपलिका

१. क्षयरोग मुक्त अभियान शुरु
२. MSS कार्यक्रम सम्पूर्ण वडामा सम्पन्न
३. पूर्ण खोप सुनिस्चितता तथा दिगोपना कार्यक्रम समपन्न
४. राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्पन्न
५. MMDP कार्यक्रम सम्पन्न

## मोदी गाउँपालिका

१. बैशाख ६ र ७ गते ६ महिनादेखि ५ बर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल तथा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न।
२. मिति २०८१/०१/२७ गते पूर्ण खोप निर्देशिका अनुसारका सम्पूर्ण प्रक्रियाहरु पुरा गरि मोदी गाउँपालिकाका सबै वडाहरुलाई पूर्ण खोप सुनिश्चितता र दिगोपना कायम भएको वडा घोषणा तथा पूर्ण खोप सुनिश्चित मोदि गाउँपालिका प्रमाणीकरण गर्ने कार्य सम्पन्न।
३. क्षयरोग तथा नसर्ने रोगहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न।
४. स्वास्थ्य कार्यालय पर्वतको समन्वयमा पालिकास्तरीय पोषण पैरवी तथा हात्तीपाइले रोग सम्बन्धि रुणता व्यवस्थापन र अपाङ्गता नियन्त्रण सम्बन्धि गोष्ठीहरुको आयोजना।
५. नियमित रुपमा गर्नुपर्ने पालिकास्तरका बिबिध क्रियाकलापहरु औषधि वितरण, सुपरिवेक्षण, अनुगमन, मुल्यांकन र बिभिन्न बैठक तथा कार्यक्रमहरुमा सहभागिता जनाएको।

## जलजला गाउँपालिका

१. IMNCI onsite coaching सम्पूर्ण स्वास्थ्य चौकिहरू मा सम्पन्न।
२. पूर्ण खोप वडा सुनिश्चितता तथा प्रमाणीकरण भेरिफिकेसन तथा सुलभ सर्वेक्षण सहित पालिकालाई पूर्णखोप सुनिस्चित पालिका घोषणा।
३. पोषण कार्यक्रमको अनुगमन तथा स्तलगत अनुशिक्षण तथा RDQA सम्पन्न।
४. क्षयरोग खोजपडताल तथा घरदैलो कार्यक्रमका लागी महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका, शिक्षक, धामिझाक्रिहरूलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न।
५. क्षयरोगको सक्रिय खोजपडताल माईक्रोस्कोपिक क्याम्प सम्पन्न।

## महाशिला गाउँपालिका

१. पुर्ण खोप सुनिश्चितता तथा घोषणा कार्यक्रम सम्पन्न।
२. ग्रामिण ultrasound कार्यक्रम प्रत्येक वडामा सम्पन्न।
३. सुत्केरी आमा तथा गर्भवती महिलाहरुलाइ गर्भ संग सम्बन्धित समस्या भएमा निशुल्क एम्वुलेन्स सेवा प्रदान।
४. राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्पन्न।
५. न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन।
६. ज्येष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न।

## बिहादी गाउँपालिका

१. IMNCI onsite coaching २ स्वास्थ्य चौकिहरू मा समपन्न।
२. पूर्ण खोप वडा तथा पालिका सुनिश्चितता तथा प्रमाणीकरण भेरिफिकेसन तथा सुलभ सर्वेक्षण सम्पन्न।
३. ४० जना किशोरीहरुलाइ पोषण सम्बन्धि अभिमुखिकरण २ न वडा बराचौरमा सम्पन्न।
४. पालिका स्तरिय र वडा स्तरिय MMDP कार्यक्रम सम्पन्न।
५. पालिका स्तरिय किशोर किशोरी मैत्री स्थानीय तह समन्वय समिती गठन सम्पन्न।
६. बाल पोषण बाल बिबाह र लैगिक हिम्सा सम्बन्धी सचेतना मुलक कार्यक्रम यहि मितो २०८१/०१/२९ गते बाट क्रमस प्रत्येक वडामा संचालन भइ रहेको

## पैयु गाउँपालिका

१. बैशाख ६ र ७ गते ६ महिनादेखि ५ बर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए क्याप्सुल तथा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न।
२. मिति २०८१/०१/२४ गते पूर्ण खोप निर्देशिका अनुसारका सम्पूर्ण प्रक्रियाहरु पुरा गरि पैंयूं गाउँपालिकाका सबै वडाहरुलाई पूर्ण खोप सुनिश्चितता र दिगोपना कायम भएको वडा घोषणा तथा पूर्ण खोप सुनिश्चित पैंयूंगाउँपालिका प्रमाणीकरण गर्ने कार्य सम्पन्न।
३. क्षयरोगको स्थलगत अनुशिक्षण कार्यक्रम केही संस्थामा सम्पन्न।
४. स्वास्थ्य कार्यालय पर्वतको समन्वयमा पालिकास्तरीय पोषण पैरवी तथा हात्तीपाइले रोग सम्बन्धि रुणता व्यवस्थापन र अपाङ्गता नियन्त्रण सम्बन्धि स्वास्थ्यकर्मी लाई गोष्ठीहरुको आयोजना।
५. PNC समिक्षा तथा विद्यालय स्वास्थ्य कार्यक्रमको समिक्षा
६. जेष्ठ नागरिक परिक्षण सेवाको निरन्तरता
७. सुत्केरी भेटघाट कार्यक्रम निरन्तरता

## किशोरीहरुका लागि पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रम

बिहादी गाउपालिकाको आयोजनामा वडा न.२ अन्तर्गत किशोरीहरुका लागि पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रम वडा अध्यक्ष श्री गणेश शर्मा पौडेलको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा प्र प्र अधिकृत हरि प्रसाद भुसाल र स्वास्थ्य शाखा प्रमुख भुपेन्द नाथ पौडेलले सहजीकरण गर्नुभएको थियो।







## स्वास्थ्यकर्मी विशेष



युबराज भुषाल अ•हे•ब
क्याङ्ग स्वास्थ्य चौकि
मोदि ४ पर्बत

### पोषणको गित

१. दिदी तपाईं भाग्यमानी हुनुभो, भाग्यमानी हुनुभो
लौ बधाई छ लै लै आमा पो बन्नु भो
लेर आउनु बच्चा जोख्नलाई
(बच्चा जोख्नलाई लै लै पोषणको मापण गर्नलाई)×२

२.दुई बर्शमा चौबीस चोटि आउनु, चौबीस चोटि आउनु
प्रतेक महिना लै लै लेखाजोखा राख्नु
लेर आउनु बच्चा जोख्नलाई
(बच्चा जोख्नलाई लै लै पोषणको मापण गर्नलाई)×२

३.अरु खाना खुवाउनु पर्दैन है छ महिना, पर्दैन है छ महिना
स्तनपान लै लै काफी छ यो बेला
लेर आउनु बच्चा जोख्नलाई
(बच्चा जोख्नलाई लै लै पोषणको मापण गर्नलाई)×२

४.पुरक खाना दिनु है कटेसी छ महिना कटेसी छ महिना
एक भाग गेडा लै लै दुई भाग अन्न राखेसी
बन्छ मिठो सर्बोतम पिठो, सर्बोतम पिठो लै लै हुन्छ है पोषिलो
लेर आउनु बच्चा जोख्नलाई
(बच्चा जोख्नलाई लै लै पोषणको मापण गर्नलाई)×२

५.सबै मिलि जनचेतना जगाऔ है जनचेतना जगाऔ है
गाउँ घरबाट लै लै कुपोषण भगाऔ है
लेर आउनु बच्चा जोख्नलाई
(बच्चा जोख्नलाई लै लै पोषणको मापण गर्नलाई)×२

**गितको भाका र लय "खोटाङ जिल्ला दित्तेल बजार" भन्ने गित**



**अन्तर्राष्ट्रिय नर्सिङ दिवस २०२४ को शुभकामना**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा, नेपाल

# स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रमको जेठ महिनाको सम्भावित कार्ययोजना:

| क्र.स | योजनामा रहेका कार्यक्रम | कार्यक्रम संयोजक |
|---|---|---|
| १ | नर्सिङ कर्मचारीहरुका लागि अनसाइट कोचीङ | सुमन शर्मा |
| २ | VIA Camp | सुमन शर्मा |
| ३ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको आधारभूत तालिम | सुमन शर्मा |
| ४ | खानेपानी सर्भिलेन्स तथा Water Safety Plan (WSP) सम्बन्धि अभिमुखीकरण | तेज प्रसाद सुवेदी |
| ५ | IMNCI तालिम तथा समिक्षा | तेज प्रसाद सुवेदी |
| ६ | पोषण पैरवी वैठक | तेज प्रसाद सुवेदी |
| ७ | HIV सम्बन्धि लान्छना र भेदभाव सम्बन्धि जनप्रतिनिधिलाई अभिमुखीकरण | तेज प्रसाद सुवेदी |
| ८ | EHMIS सम्बन्धि तालिम | रामचन्द्र सुवेदी |
| ९ | पारिवारिक तथा जनसांख्यिक लगत संकलन तथा अद्यावधिक | रामचन्द्र सुवेदी |
| १० | किशोरकिशोरी स्वास्थ्य सेवा | नारायण प्रसाद रेग्मी |
| ११ | आई.पि.भी खोप अभियान | नारायण प्रसाद रेग्मी |
| १२ | पूर्णखोप जिल्ला घोषणा अभियान | नारायण प्रसाद रेग्मी |
| १३ | MSS समिक्षा तथा भ्रमण | प्रकास गौतम |
| १४ | सामाजिक परिक्षण सम्वन्धि तालिम | प्रकास गौतम |

